# बीमा प्रतिबिम्ब

**नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण**
**वर्ष २ अंक १० २०८३ वैशाख**


## पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८२/८३ को वैशाख मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

## नेपाली बीमा बजार

आ.व. २०८२/८३ को वैशाख मसान्तसम्ममा बीमा क्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

### १. बीमालेख संख्या

| सूचक | २०८२ वैशाख मसान्तसम्ममा | २०८३ वैशाख मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमालेख संख्या *(म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक)* | ५४,६१,६०० | ६०,६५,७८९ | ११.०६ |
| म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या | ७३,४४,०२५ | ८०,५६,११८ | ९.७० |
| वैदेशिक रोजगार बीमालेख संख्या | २५,०१,३६८ | २४,०४,०४२ | (३.८९) |
| **कुल सक्रिय जीवन बीमालेख संख्या** | **१,५३,०६,९९३** | **१,६५,२५,९४९** | **७.९६** |
| **कुल जारी जीवन बीमालेख संख्या** | **५६,४७,९०९** | **६६,७२,७७८** | **१८.१५** |
| **कुल जारी निर्जीवन बीमालेख संख्या** | **२६,६६,८८७** | **२८,३०,६५२** | **६.१४** |

चालु आ.व २०८२/८३ को वैशाख मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ६६ लाख ७२ हजार ७७८ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा २८ लाख ३० हजार ६५२ वटा बीमालेख जारी भएका छन् । साथै, यस आ.व.को वैशाख मसान्तसम्ममा १ करोड ६५ लाख २५ हजार ९४९ वटा सक्रिय जीवन बीमालेख रहेका छन् जुन गत आ.व.को वैशाख मसान्तको तुलनामा ७.९६ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

## २. बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| सूचक | २०८२ वैशाख मसान्तसम्ममा | २०८३ वैशाख मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा | ३,०९,०२२.१८ | ३,९१,७१२.६४ | २६.७६ |
| नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा | १०,९४,४८०.४५ | १२,०७,९४५.९७ | १०.३७ |
| **कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **१४,०३,५०२.६३** | **१५,९९,६५८.६१** | **१३.९८** |
| **कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **३,५८,६५०.४८** | **४,१३,९५९.६२** | **१५.४२** |
| **जम्मा बीमाशुल्क संकलन रु. लाखमा** | **१७,६२,१५३.११** | **२०,१३,६१८.२३** | **१४.२७** |

चालु आ.व २०८२/८३ को वैशाख मसान्तसम्ममा रु. २ खर्ब १ अर्ब ३६ करोड १८ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को वैशाख मसान्तको तुलनामा १४.२७ प्रतिशत वृद्धि हो । त्यसैगरी, गत आ.व. को वैशाख मसान्तको तुलनामा चालु आ.व को वैशाख मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १३.९८ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५९ अर्ब ९६ करोड ५९ लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ १५.४२ प्रतिशतले वृद्धि भई रु. ४१ अर्ब ३९ करोड ६० लाख बीमाशुल्क संकलन भएको छ ।

## ३. बीमा दाबी भुक्तानी विवरण

*रकम रु. लाखमा*

| सूचक | २०८२ वैशाख मसान्तसम्ममा | २०८३ वैशाख मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा दाबी भुक्तानी संख्या | २,१८,९५१ | १,५९,३०२ | (२७.२४) |
| जीवन बीमा दाबी भुक्तानी रकम | ४,८९,५४२.३६ | ३,४६,१३२.४६ | (२९.२९) |
| भुक्तानी हुन वाँकी दाबी संख्या *(जीवन)* | ५३,४८१ | ६१,६४९ | १५.२७ |
| भुक्तानी हुन वाँकी दाबी रकम *(जीवन)* | ४४,५१५.१५ | ५५,२४१.६५ | २४.१० |
| निर्जीवन बीमा दाबी भुक्तानी संख्या | १,१३,९३७ | १,२५,७८२ | १०.४० |
| निर्जीवन बीमा दाबी भुक्तानी रकम | १,८५,७८५.०४ | २,३३,६१७.७३ | २५.७५ |
| भुक्तानी हुन वाँकी दाबी संख्या *(निर्जीवन)* | १,०५,६२० | १,१६,४११ | १०.२२ |
| भुक्तानी हुन वाँकी दावी रकम *(निर्जीवन)* | ३,०३,३१६.१४ | ४,५६,१९८.०१ | ५०.४० |

चालु आ.व २०८२/८३ को वैशाख मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या १ लाख ५९ हजार ३०२ रहेको छ जस अन्तर्गत रु. ३४ अर्ब ६१ करोड ३२ लाख भुक्तानी भएको छ। गत आ.व.को वैशाख मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा २७.२४ प्रतिशत र २९.२९ प्रतिशत कमी भएको देखिन्छ। साथैं, ६१ हजार ६४९ वटा दाबी अन्तर्गतको रु. ५ अर्ब ५२ करोड ४२ लाख भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८२/८३ को वैशाख मसान्तसम्ममा कुल १ लाख २५ हजार ७८२ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु २३ अर्ब ३६ करोड १८ लाख भुक्तानी भएको छ भने, १ लाख १६ हजार ४११ वटा दाबी संख्या अन्तर्गत कुल रु ४५ अर्ब ६१ करोड ९८ लाख भुक्तानी हुन बाँकी रहेको छ। गत आ.व.को वैशाख मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्यामा १०.२२ प्रतिशतले वृद्धि भएको छ भने दाबी रकममा ५०.४० प्रतिशत वृद्धि भएको देखिन्छ।

## ४. जीवन बीमाको पहुँच

| सूचक | २०८२ वैशाख मसान्तसम्ममा | २०८३ वैशाख मसान्तसम्ममा |
|---|---|---|
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)* | १६.७७ | १८.४५ |
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)* | ३९.३१ | ४२.९७ |
| **बीमाको दायरामा आएको जनसंख्या प्रतिशत** *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)* | **४७.३९** | **५०.६६** |

*१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।*

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा चालु आ.व को वैशाख मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ५०.६६ प्रतिशत जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ४९.३४ प्रतिशत जनसंख्या बीमाको पहुँच बाहिर रहेको देखिन्छ।

## ५. समर्पण तथा व्यतित विवरण

*रकम रु. लाखमा*

| सूचक | २०८२ वैशाख मसान्तसम्ममा | २०८३ वैशाख मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| समर्पण संख्या | ८८,६३५ | ७६,४७७ | (१३.७२) |
| समर्पण रकम | १,२२,७२३.१६ | १,१६,०९५.६३ | (५.४०) |
| व्यतित बीमालेखको संख्या | १२,५४,४७८ | १२,२४,४६५ | (२.३९) |

| | | | |
|---|---|---|---|
| व्यतित बीमालेखको रकम | ३,६८,६१०.१४ | ३,९३,७९४.७६ | ६.८३ |

चालु आ.व २०८२/८३ को वैशाख मसान्तसम्ममा ७६ हजार ४७७ वटा जीवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु ११ अर्ब ६० करोड ९६ लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १२ लाख २४ हजार ४६५ बीमालेख व्यतित भएकाछन् भने व्यतित बीमालेखको रकम रु ३९ अर्ब ३७ करोड ९५ लाख रहेको छ।

## ६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

| सूचक | २०८२ वैशाख मसान्तसम्ममा | २०८३ वैशाख मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,८४७ | १,८४० | (०.३८) |
| निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,१५१ | १,१५४ | ०.२६ |
| **बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या** | **२,९९८** | **२,९९४** | **(०.१३)** |
| जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ६,०८७ | ६,०९६ | ०.१५ |
| निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ६,०७५ | ६,२९२ | ३.५७ |
| **बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या** | **१२,१६२** | **१२,३८८** | **१.८६** |

चालु आ.व. २०८२/८३ को वैशाख मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८४० र निर्जीवन बीमातर्फ १ हजार १५४ गरी जम्मा शाखा संख्या २ हजार ९९४ पुगेको छ भने जीवन बीमातर्फ ६ हजार ९६ र निर्जीवन बीमातर्फ ६ हजार २९२ गरी कुल १२ हजार ३८८ जना कर्मचारी कार्यरत छन्।

## ७. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

| सूचक | २०८२ वैशाख मसान्तसम्ममा (१) | जारी बीमालेखको हिस्सा प्रतिशत | २०८३ वैशाख मसान्तसम्ममा (२) | जारी बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक जीवन बीमा | २,३२,८६३ | ४.१२ | २,३३,६३१ | ३.५० | **०.३३** |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमा | २८,९७४ | ०.५१ | ३१,८०३ | ०.४८ | **९.७६** |
| रुपान्तरित सावधिक जीवन बीमा | ४०,८४६ | ०.७२ | ४५,९६८ | ०.६९ | **१२.५४** |
| बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा | ८६,५०५ | १.५३ | ९७,३६७ | १.४६ | **१२.५६** |

| | | | | | |
|---|---|---|---|---|---|
| वैदेशिक रोजगार म्यादी | ६,८०,०३८ | १२.०४ | ६,६२,३९७ | ९.९३ | (२.५९) |
| आजीवन जीवन बीमा | ४,५४३ | ०.०८ | ३,७६८ | ०.०६ | (१७.०६) |
| एकल बीमाशुल्क जीवन बीमा | १८,०७१ | ०.३२ | १३,५२४ | ०.२० | (२५.१६) |
| म्यादी  जीवन बीमा | ८,९१,३७१ | १५.७८ | ८,७५,८३० | १३.१३ | (१.७४) |
| लघु जीवन बीमा | ३६,५६,४०७ | ६४.७४ | ४७,०१,१३९ | ७०.४५ | २८.५७ |
| अन्य जीवन बीमा | ८,२९१ | ०.१५ | ७,३५१ | ०.११ | (११.३४) |
| **जम्मा** | ५६,४७,९०९ | १००.०० | ६६,७२,७७८ | १००.०० | **१८.१५** |

चालु आ.व. २०८२/८३ को वैशाख मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ७०.४५ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन जीवन बीमालेखको ०.०६ प्रतिशत रहेको छ। गत आ.व.को वैशाख मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा १८.१५ प्रतिशतले वृद्धि भएको छ।

### ८. सक्रिय जीवन बीमालेख संख्या

| जीवन बीमालेख | २०८२ वैशाख मसान्तसम्ममा (१) | सक्रिय बीमालेख को हिस्सा प्रतिशत | २०८३ वैशाख मसान्तसम्ममा (२) | सक्रिय बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक जीवन बीमा | २०,६६,९२० | १३.५० | २२,२९,१४३ | १३.४९ | **७.८५** |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमा | ४,४५,३१५ | २.९१ | ४,६०,४०५ | २.७९ | **३.३९** |
| रुपान्तरित सावधिक जीवन बीमा | ५,३९,६६१ | ३.५३ | ६,०७,३५० | ३.६८ | **१२.५४** |
| बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा | १०,३०,०३४ | ६.७३ | ११,०१,९४० | ६.६७ | **६.९८** |
| वैदेशिक रोजगार म्यादि जीवन बीमा | २५,०१,३६८ | १६.३४ | २४,०४,०४२ | १४.५५ | **(३.८९)** |
| आजिवन जीवन बीमा | १,७६,६४२ | १.१५ | १,६९,१३७ | १.०२ | **(४.२५)** |
| एकल बीमाशुल्क जीवन बीमा | ८९,५२६ | ०.५८ | १,१५,९५७ | ०.७० | **२९.५२** |
| म्यादि जीवन बीमा | ३३,६३,६४९ | २१.९७ | ३४,८९,३५५ | २१.११ | **३.७४** |
| लघु जीवन बीमा | ४९,६९,८४३ | ३२.४७ | ५८,२४,९२६ | ३५.२५ | **१७.२१** |
| अन्य जीवन बीमा | १,२४,०३५ | ०.८१ | १,२३,६९४ | ०.७५ | **(०.२७)** |
| **जम्मा** | १,५३,०६,९९३ | १०० | १,६५,२५,९४९ | १०० | **७.९६** |

चालु आ.व. २०८२/८३ को वैशाख मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ३५.२५ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा एकल बीमालेखको ०.७० प्रतिशत रहेको छ। गत आ.व. को वैशाख मसान्तसम्मको तुलनामा चालु आ.व.को वैशाख मसान्तसम्ममा सक्रिय बीमालेखको संख्यामा ७.९६ प्रतिशत वृद्धि भएको छ।

## ९. प्रदेश अनुसार सक्रिय जीवन बीमालेख संख्या

| प्रदेश | २०८२ वैशाख मसान्तसम्ममा (१) | सक्रिय बीमालेखको हिस्सा प्रतिशत | २०८३ वैशाख मसान्तसम्ममा (२) | सक्रिय बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | १६,८३,२७६ | ११.०० | १९,६९,९८७ | ११.९२ | **१७.०३** |
| मधेश | ६,१६,६९९ | ४.०३ | ७,२७,२१३ | ४.४० | **१७.९२** |
| बागमती | १,०१,२८,२६० | ६६.१७ | १,०३,२७,०९८ | ६२.४९ | **१.९६** |
| गण्डकी | ७,५१,५५० | ४.९१ | ११,१९,२८२ | ६.७७ | **४८.९३** |
| लुम्बिनी | १०,४३,१०१ | ६.८१ | ११,७०,५४२ | ७.०८ | **१२.२२** |
| कर्णाली | ५,२८,३४१ | ३.४५ | ६,००,८६६ | ३.६४ | **१३.७३** |
| सुदुरपश्चिम | ५,५५,७६६ | ३.६३ | ६,१०,९६१ | ३.७० | **९.९३** |
| **जम्मा** | १,५३,०६,९९३ | १००.०० | १,६५,२५,९४९ | १००.०० | **७.९६** |

चालु आ.व. २०८२/८३ को वैशाख मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी १ करोड ३ लाख २७ हजार ९८ वटा सक्रिय बीमालेख बागमती प्रदेशमा रहेको छ भने सबै भन्दा कम ६ लाख ८६६ वटा सक्रिय बीमालेख कर्णाली प्रदेशमा रहेको छ।

## १०. जारी निर्जीवन बीमालेख संख्या

| निर्जीवन बीमालेख | २०८२ वैशाख मसान्तसम्ममा (१) | जारी बीमालेखको हिस्सा प्रतिशत | २०८३ वैशाख मसान्तसम्ममा (२) | जारी बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति बीमा | ४,००,९२० | १५.०३ | ३,८३,४९५ | १३.५५ | (४.३५) |
| सामुन्द्रिक बीमा | ३,३३,३२७ | १२.५० | ३,४१,७०२ | १२.०७ | **२.५१** |
| हवाई बीमा | १०४ | ०.०० | २०५ | ०.०१ | **९७.१२** |
| मोटर बीमा | १३,२१,८५४ | ४९.५७ | १३,८३,५५० | ४८.८८ | **४.६७** |

| | | | | | |
|---|---|---|---|---|---|
| इन्जि. तथा ठे. जो. बीमा | २७,११६ | १.०२ | २६,४६६ | ०.९३ | (२.४०) |
| विविध बीमा | १,४१,०५५ | ५.२९ | १,३९,६६५ | ४.९३ | (०.९९) |
| कृषि तथा बाली बीमा | १,२२,८५२ | ४.६१ | १,२८,२४० | ४.५३ | **४.३९** |
| लघु बीमा | ३,१९,६५९ | ११.९९ | ४,२७,३२९ | १५.१० | **३३.६८** |
| **जम्मा** | २६,६६,८८७ | १००.०० | २८,३०,६५२ | १००.०० | **६.१४** |

चालु आ.व. २०८२/८३ को वैशाख मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४८.८८ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.०१ प्रतिशत रहेको छ। गत आ.व. को वैशाख मसान्तसम्मको तुलनामा चालु आ.व.को सोही समयमा कुल जारी बीमालेख संख्या ६.१४ प्रतिशतले वृद्धि भएको छ।

## ११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

| प्रदेश | २०८२ वैशाख मसान्तसम्ममा (१) | बीमालेख को हिस्सा प्रतिशत | २०८३ वैशाख मसान्तसम्ममा (२) | बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | ३,४९,५२५ | १३.११ | ३,६७,१२२ | १२.९७ | **५.०३** |
| मधेश | २,८८,७७२ | १०.८३ | २,९४,८५६ | १०.४२ | **२.११** |
| बागमती | ११,३९,९७९ | ४२.७५ | १२,४०,२९६ | ४३.८२ | **८.८०** |
| गण्डकी | २,६७,१४५ | १०.०२ | २,७७,१५४ | ९.७९ | **३.७५** |
| लुम्बिनी | ४,३६,५८१ | १६.३७ | ४,५९,५१४ | १६.२३ | **५.२५** |
| कर्णाली | ४६,९६५ | १.७६ | ५०,४०३ | १.७८ | **७.३२** |
| सुदुरपश्चिम | १,३७,९२० | ५.१७ | १,४१,३०७ | ४.९९ | **२.४६** |
| **जम्मा** | २६,६६,८८७ | १००.०० | २८,३०,६५२ | १००.०० | **६.१४** |

चालु आ.व. २०८२/८३ को वैशाख मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४३.८२ प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा १.७८ प्रतिशत रहेको छ।

## १२. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| जीवन बीमालेख | २०८२ वैशाख मसान्तसम्ममा (१) | बीमाशुल्कको हिस्सा प्रतिशत | २०८३ वैशाख मसान्तसम्ममा (२) | बीमाशुल्कको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक | ५,३७,०१३.२२ | ३८.२६ | ६,४६,२८१.९६ | ४०.४० | **२०.३५** |
| अग्रिम भुक्तानी सावधिक | २,९१,१४३.९१ | २०.७४ | २,९८,८०६.५४ | १८.६८ | **२.६३** |
| रुपान्तरित सावधिक | १,७३,९३४.७५ | १२.३९ | १,८६,५०६.०० | ११.६६ | **७.२३** |
| बालबच्चा सम्बन्धि सावधिक | २,१५,४४८.४९ | १५.३५ | २,६५,५१४.४९ | १६.६० | **२३.२४** |
| वैदेशिक रोजगार म्यादी | २८,८२७.५६ | २.०५ | २८,२५३.११ | १.७७ | **(१.९९)** |
| आजीवन | ३५,९६२.७० | २.५६ | ३३,८४१.०५ | २.१२ | **(५.९०)** |
| एकल बीमाशुल्क | ५६,९६४.७१ | ४.०६ | ६८,१७४.५४ | ४.२६ | **१९.६८** |
| म्यादी | १२,५११.८७ | ०.८९ | १४,४७५.५१ | ०.९० | **१५.६९** |
| लघु | २४,३३०.७९ | १.७३ | २८,१७६.४४ | १.७६ | **१५.८१** |
| अन्य | २७,३६४.६४ | १.९५ | २९,६२८.९७ | १.८५ | **८.२७** |
| **जम्मा** | १४,०३,५०२.६३ | १००.०० | १५,९९,६५८.६१ | १००.०० | **१३.९८** |

चालु आ.व. २०८२/८३ को वैशाख मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ४०.४० प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.९० प्रतिशत रहेको छ। गत आ.व. को वैशाख मसान्तसम्मको तुलनामा चालु आ.व.को वैशाख मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलनमा १३.९८ प्रतिशतले वृद्धि भएको छ।

## १३. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| प्रदेश | २०८२ वैशाख मसान्तसम्ममा (१) | बीमाशुल्कको हिस्सा प्रतिशत | २०८३ वैशाख मसान्तसम्ममा (२) | बीमाशुल्कको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | १,६८,७५६.३५ | १२.०२ | १,९०,४७८.१२ | ११.९१ | **१२.८७** |
| मधेश | १,२३,९७६.१७ | ८.८३ | १,४५,२७६.७० | ९.०८ | **१७.१८** |

| | | | | | |
|---|---|---|---|---|---|
| बागमती | ६,२५,८५१.९१ | ४४.५९ | ७,०१,३२७.२९ | ४३.८४ | १२.०६ |
| गण्डकी | १,४१,३७७.६५ | १०.०७ | १,६२,५५९.०४ | १०.१६ | १४.९८ |
| लुम्बिनी | २,१९,४२०.९४ | १५.६३ | २,५४,७४२.०६ | १५.९२ | १६.१० |
| कर्णाली | ३९,५८०.८३ | २.८२ | ४७,५६९.४४ | २.९७ | २०.१८ |
| सुदुरपश्चिम | ८४,५३८.७८ | ६.०२ | ९७,७०५.९६ | ६.११ | १५.५८ |
| **जम्मा** | १४,०३,५०२.६३ | १००.०० | १५,९९,६५८.६१ | १००.०० | १३.९८ |

चालु आ.व. २०८२/८३ को वैशाख मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४३.८४ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा २.९७ प्रतिशत रहेको छ ।

## १४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| निर्जीवन बीमालेख | २०८२ वैशाख मसान्तसम्ममा (१) | बीमाशुल्क को हिस्सा प्रतिशत | २०८३ वैशाख मसान्तसम्ममा (२) | बीमाशुल्क को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति | ९०,३६९.३० | २५.२० | ९७,३०७.२६ | २३.५१ | ७.६८ |
| सामून्द्रिक | २१,०२४.४४ | ५.८६ | २५,२७२.०७ | ६.१० | २०.२० |
| हवाई | १९,०११.८९ | ५.३० | १८,९९०.५७ | ४.५९ | (०.११) |
| मोटर | १,०७,७८७.०९ | ३०.०५ | १,२६,३५१.९० | ३०.५२ | १७.२२ |
| इन्जि. तथा ठे. जो. | ६०,६३४.८० | १६.९१ | ७८,७७०.४९ | १९.०३ | २९.९१ |
| विविध | ३८,५०९.४२ | १०.७४ | ४२,५३२.२२ | १०.२७ | १०.४५ |
| कृषि तथा बाली | १३,५०२.९६ | ३.७६ | १३,६१५.९४ | ३.२९ | ०.८४ |
| लघु | ७,८१०.५७ | २.१८ | ११,११९.१६ | २.६९ | ४२.३६ |
| **जम्मा** | ३,५८,६५०.४८ | १००.०० | ४,१३,९५९.६२ | १००.०० | १५.४२ |

चालु आ.व. २०८२/८३ को वैशाख मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा मोटर बीमालेखको ३०.५२ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा लघु बीमालेखको २.६९ प्रतिशत रहेको छ । गत आ.व. को वैशाख मसान्तसम्मको तुलनामा चालु आ.व.को वैशाख मसान्तसम्ममा कुल बीमाशुल्क संकलन १५.४२ प्रतिशतले वृद्धि भएको छ ।

## १५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| प्रदेश | २०८२ वैशाख मसान्तसम्ममा (१) | बीमाशुल्क को हिस्सा प्रतिशत | २०८३ वैशाख मसान्तसम्ममा (२) | बीमाशुल्क को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | ३१,९७६.०७ | ८.९२ | ३५,३५९.६६ | ८.५४ | १०.५८ |
| मधेश | २३,७५५.३६ | ६.६२ | २६,१००.३२ | ६.३१ | ९.८७ |
| बागमती | २,४०,१५४.४१ | ६६.९६ | २,८३,७६७.४१ | ६८.५५ | १८.१६ |
| गण्डकी | १८,५५५.६९ | ५.१७ | २०,१२७.८२ | ४.८६ | ८.४७ |
| लुम्बिनी | ३१,६५५.९३ | ८.८३ | ३४,७६०.३८ | ८.४० | ९.८१ |
| कर्णाली | ३,४५४.९५ | ०.९६ | ४,०३६.३१ | ०.९८ | १६.८३ |
| सुदुरपश्चिम | ९,०९८.०६ | २.५४ | ९,८०७.७१ | २.३७ | ७.८० |
| **जम्मा** | ३,५८,६५०.४८ | १००.०० | ४,१३,९५९.६२ | १००.०० | **१५.४२** |

चालु आ.व. २०८२/८३ को वैशाख मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६८.५५ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.९८ प्रतिशत रहेको छ।

## १६. उजुरी दर्ता तथा फछर्यौट

| विवरण | | आर्थिक वर्ष २०८१/८२ | आर्थिक वर्ष २०८२/८३ (वैशाख मसान्तसम्म) |
|---|---|---|---|
| गत वर्षको निवेदन बाँकी संख्या | | २८७ | ३९४ |
| यस वर्षको निवेदन संख्या | केन्द्रीय कार्यालयमा | १४४ | १०४ |
| | प्रदेश कार्यालयमा | ९१ | ४५ |
| | कुल दर्ता | २३५ | १४९ |
| पुनरावेदनबाट आएका मुद्दाको संख्या | | ३ | - |
| **जम्मा निवेदन** | | **५२५** | **५४३** |
| फैसला/सहमति भएका मुद्दा संख्या | फैसला | ८५ | ११७ |
| | सहमति | ४६ | ४० |
| | जम्मा फछर्यौट | १३१ | १५७ |
| **बाँकी संख्या** | | **३९४** | **३८६** |

चालु आ.व. २०८२/८३ को वैशाख मसान्तसम्ममा केन्द्रीय कार्यालयमा १०४ र प्रदेश कार्यालयमा ४५ गरी प्राधिकरणमा कुल दर्ता भएका १४९ वटा उजुरी र गत वर्षको बाँकी ३९४ वटा निवेदन गरी कुल ५४३ वटा उजुरी प्राप्त भएको छ जसमध्ये ११७ वटा उजुरी मुद्दा फैसलाबाट र ४० वटा उजुरी सहमतीबाट गरी कुल १५७ वटा उजुरी फछ्यौंट भएका छन् भने ३८६ वटा उजुरी विचाराधिन अवस्थामानै रहेको छ।

**तयार:**

अनुसन्धान महाशाखा

नेपाल बीमा प्राधिकरण